दिपायल सिलगढी नगरपालिकाको

नवौं नगरसभामा प्रस्तुत

**आ.ब.०७८/०७९ को**

# नीति, कार्यक्रम तथा बजेट

दिपायल सिलगढी नगरपालिका

सिलगढी, डोटी

सुदूरपश्चिम प्रदेश

मिति:२०७८/०३/१०

# नीति, कार्यक्रम तथा बजेट

मिति:२०७८/०३/१०

## खण्ड एक: परिचय र समीक्षा

### १.१.पृष्ठभूमी :

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ब्यबस्था अघिको सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम रहेको दिपायल सिलगढी नगरपालिका क्षेत्र, नेपाल एकिकरण अघिकै बहुचर्चित क्षेत्र रहेको इतिहासको अध्ययनले पुष्टि गरेको छ । इतिहासमा चर्चित डोटी राज्यको राजधानी रहेको यस क्षेत्रमा सभ्यताको बिकास धेरै पहिले देखि भएको थियो । डोटी प्रदेश तथा डोटी राज्यको राजधानी रहेको यस क्षेत्रमा शिक्षा सभ्यताको विकास भई यस राज्यको प्रभाव पशिचममा भारतको कुमाउ गडवाल तथा पूर्वमा गोरखा राज्यसम्म परेको थियो । नेपाल एकिकरण पूर्व नै राजधानीको रुपमा रहेको यस क्षेत्रको व्यापार उत्तरमा तिब्बत तथा पशिचम, दक्षिणमा भारतसंग रहेको हुंदा यस क्षेत्रमा धेरै पहिले देखिनै नगरको प्रारुप स्थापना भएको इतिहासले पुष्टि गरेकोछ । त्रेतायुगीन राजा दिलिपले तपस्या गरी स्थापना भएको दिल्पेश्वर महादेवको नामबाट उक्त क्षेत्रलाई दिपायल तथा शैलेश्वरी भगवतिलाई परापूर्वकालमा शिलादेवी भनिने र शिलादेवीको नामबाट सिलगढी भनि नामाकरण हुनुले यस क्षेत्रमा सभ्यताको बिकास धेरै पहिले देखिनै भएको हो भन्ने विश्वास गर्न सकिने आधार रहेको छ ।

बिगतको क्षेत्रीय सदरमुकाम रहेको दिपायल राजपुर र राणाकाल देखि कर्णालीवारीको सम्पूर्ण क्षेत्र तथा कालिकोट जुम्ला समेत हेर्ने प्रशासनिक इकाई डोटी गौंडा समेत रहेको र पञ्चायतकाल देखि पाचौं बिकास क्षेत्र एबं डोटी जिल्लाको समेत सदरमुकाम रहेको यस नगरलाई हामीले सुदूरपश्चिम प्रदेशको राजधानी तोक्न गरिएको हाम्रो भरमग्दुर प्रयत्नले सार्थकता पाउन नसकेता पनि प्रदेश स्तरीय निर्देशनालयहरु राजपुरमा रहेको बिद्यमान अबस्था कामय रहनु सबै नगरबासी एबं डोटी बासीको खबरदारीको उपज हो भन्ने मलाई लागेको छ । खप्तड क्षेत्रको प्रबेशद्वार सिलगढी बजार रहनु, शैलेश्वरी भगबती मन्दिर, प्राचिन दिल्श्वर मठ, सुनादेवी मन्दिर,दुर्गा देवी मन्दिर, कृष्ण मन्दिर, तेडी, भवानी, नवादेव, मसानी, शिव मन्दिर, नारीदाङको त्रिवेणी,भागेश्वर , सालमुनी, तिखा मालिका, घटाल, केदारेश्वर, देवी, कालीका बासुधारा, सिलगढी स्थित मष्ठा मन्दिर, सेती नदी, डोटी राजाको दरबार रहेको कोटभैरब, दुधेश्वर मन्दिर, गौरीकूण्ड, वराही मन्दिर, भिमसेन मन्दिर, सरस्वती थान गौडेबाग लगायतका हाम्रा धार्मिक तथा पर्यटकीय क्षेत्रहरु हुन भने भू-स्वर्ग खप्तडको प्रबेशद्वार पनि हाम्रै नगर रहनु, रमणीय महाभारत पर्बत श्रृंखला उत्तर र दक्षिण अबस्थित रहनुका कारणले प्राकृतिक सौन्दर्यताका निम्ति हाम्रो नगर सम्बृद्ध रहेको छ भने हावापानीको हिसावले मानव बस्तिका लागि उपयूक्त हावापानी रहेको सिलगढी क्षेत्र पनि हामी संगै रहेको छ ।

आदरणीय सभाध्यक्षज्यू

गत वर्षदेखि शुरु भएको कोभिड-१९ महामारीका कारण मानव जाति माथि शताब्दिकै सबैभन्दा ठूलो संकट पैदा भएको जगजाहेर नै छ । नेपाली जनता पनि यस महामारीबाट टाढा रहन सकेनन, फलस्वरुप नेपालमा पनि लाखौको संख्यामा संक्रमित देखा पर्नुका साथै देश भित्र र बाहिर नेपाली जनताले हजारौंको संख्यामा ज्यान गुमाइ सकेका छन् । यस विषम परिस्थितिमा शोकाकुल परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दै यस महामारीबाट संक्रमित दिपायल सिलगढी नगरवासी लगायत उपचारमा रहेका सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

यस महामारीको संक्रमण शुरु हुने वित्तिकै संघीय सरकार, प्रदेश सरकार र विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी नगरवासीको जीवन रक्षाका लागि विभिन्न प्रयासहरु गर्दै आईरहेकाछौ । हाम्रो प्रयासमा साथ दिनुहुने सम्पूर्ण नगरवासीहरु, जनप्रतिनिधिहरु, राजनीतिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, स्वाथ्यकर्मी, शिक्षकहरु, सुरक्षा निकाय, पत्रकार, समाजसेवी, बुद्धिजिवी, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा संक्रमण थप फैलन नदिन र यस महामारीबाट विजय प्राप्त गरी जनजिवनको सामान्यीकरण र उत्थानशीलताका लागि दृढ एकता,सक्रियता , समन्वय र सहकार्यका लागि सवैमा हार्दिक आव्हान गर्दछु ।

हामी सीमित स्रोत साधनहरुको उपयोग गरी नगरवासीका असीमित आवश्यकता पुरा गर्नु पर्ने अवस्थामा छौं । आर्थिक अबस्था राम्रो भएका र पढेलेखेका दक्ष जनशक्तिहरु यस नगरबाट दिनानुदिन तराई तथा अन्य शहरहरुमा पलायन हुनु र युवाहरुको रोजाइ भारतका शहर लगायत अन्य देशहरुमा दिनहु बिदेशिने बिषय हाम्रो लागि चुनौति रहेको छ । जनताको लगानी एबं निजी क्षेत्रको लगानी हाम्रो नगरमा अत्यन्त न्यून रहेको छ, जसकाकारण स्थानीय सरकारको एक्लो प्रयासले गरिने बिकास प्रभावकारी हनु नसकिरहेको विद्यमान अवस्थामा तीनै तहका सरकार लागयत नीजिक्षेत्रसंग समन्वय बढाई प्रभाबकारी बिकास कार्यक्रम ल्याउनु पर्ने र परिणाम देखाउनु पर्ने अबस्था बिद्यमान रहेको छ ।

सातौं नगर सभाबाट पांचओटा बिषयगत क्षेत्रहरु अन्तरगत, पूबार्धार बिकास, सामाजिक बिकास, आर्थिक बिकास, वन तथा वाताबरण, सूशासन र संस्थागत बिकास सहित अन्य नीतिहरु पनि पारित गरेका थियौं । उक्त नीतिहरु कुनै बार्षिक रुपले पुरा गरिने र कुनै नीति आबधिक रुपमा कार्यान्वयन गर्ने अबस्थामा हामी छौं, नीतिहरु हाम्रा मार्ग दर्शन हुन र यस नवौं नगर सभाले पनि केही नीतिहरुमा गतबर्षकै निरन्तरता र केही नीति तथा कार्यक्रम नौला समेत ल्याउने प्रयास गरेको छ । सबै नीतिहरुलाई कार्यक्रम र बजेटसंग समन्वयात्मक तवरले लैजानका लागि समेत यस गौरवमय सभाका सभासदहरुलाई आग्रह गर्न चाहान्छु ।

हामीले सहभागीतात्मक नगर विकास योजना तर्जुमा प्रकृया अवलम्वन गरी बस्ती तथा टोल र वडास्तर हुदै आएका योजनाहरुलाई केन्द्रीय सरकारको मार्ग दर्शन समेतलाई ध्यानमा राखी

आ.ब. २०७८।०७९ को नीति, कार्यक्रम र नगर विकास योजना तर्जुमा गरिएको प्रस्तुत बजेट नीति तथा कार्यक्रमले यस नगरपालिकाको समग्र विकास, उन्नति र प्रगतिका लागि आधार तयार गर्ने छ भन्ने कुरामा विश्वस्त रहेको छु ।

## १.२. चालु आ.ब.२०७७।०७८ को नीति तथा कार्यक्रमको समीक्षा :

मिति २०७७ आषाढ १० गतेका दिन आयोजित यस नगरपालिकाको सातौं नगरसभाले चालु आ.ब.२०७७।०७८ को अनुमानित आय व्यय बिवरण, योजना तथा कार्यक्रमहरु सहित नगर बिकासका नीतिहरु पारित गरेको थियो, तत्पश्चात पौष १५ गते आठौं समीक्षात्मक नगरसभा आयोजना गरेका थियौं। सातौ नगरसभा पछिको एक बर्षको समयमा हामीले के कति उपलब्धी हासील गर्न सक्यौं समीक्षाको चरणमा हामी रहेका छौं ।

यस नगरपालिकामा रहेका ९ वटा वडाका करिब ३३ हजार नागरिकलाई बिकास र सुशासन दिनु र बिकासमा नागरिकको सहभागिता बृद्धि गर्नु हाम्रो जिम्मेवारी हो । बिगत चार बर्षमा हामीले वडास्तर, बिषयगत शाखा र नगरस्तरीय योजना तथा कार्यक्रमका लागि निम्नानुसारको रकम बिनियोजन गरी खर्च समेत गरेका थियौं ।

गत बर्षको बिनियोजन कुल जम्मा **रु ५३३४५०५००।** बिनियोजन गरिएकोमा वास्तविक आय रु **४३७३३८३९१।** भएको र वास्तविक खर्च **रु. ३७२३३७९४७** जसअनुसार ८५.१३ प्रतिशत खर्च गरेका थियौं । उक्त  बिनियोजन रकमले पक्कै पनि नगरबासीको सुबिधाको लागि यातायात, शिक्षा, खानेपानी, कृषि, सिंचाई लगायतका भौतिक पूर्बाधार एवं सामाजिक बिकासका क्षेत्र महिला, दलित, जेष्ठ नागरिक, बालबालिका लगायत सबै नगरबासीको लागि सेवा सुबिधामा बृद्धि भएको नै होला भन्ने हामीले ठानेका छौं ।

क्षेत्रगत आधारमा गरिएको आ.ब.२०७७६।०७८ को समीक्षालाई संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहान्छु ।

**(क) आर्थिक विकास** : पशुपालनको माध्यमबाट नगरका वासिन्दालाई रोगगार प्रदान गर्न नगरका धेरै स्थानमा पशुपालन गर्ने कार्यलाई प्राथमिकता दिई भैंसी, बाखा र कुखुरा पालनमा अनुदान दिईएको छ । महिला रोजगार प्रबर्द्धन गर्न वडा स्तरमा सिलाइकटाई, कढाई तथा हाते होजियारी, मालापोते, माटोको भांडा, तालिम सञ्चालन गरिएको छ । नगरका बासिन्दाको गरिबी न्यूनिकरण गर्नु हाम्रो ठूलो चुनौति रहदा रहदै पनि हामीले जनताको जीवनस्तर उठाउनकालागि प्रधानमंत्री कृषि आधुनिकीकरण परियोजनाको निरन्तरता स्वरुप खैरितोला, मसनतोला, घोलताडा, तिखा, कुमालिकोट र कलेनामा तरकारी पकेट क्षेत्र,  कृषकहरुलाई नगदेबाली तर्फ आकर्षण गर्ने कार्यलाई निरन्तरता दिएका छौं भने नगरका बिभिन्न वडामा तरकारी बिउ बितरण, च्याउ बिउ हिंउदे तथा बर्षे फलफुल बिरुवा,पुन्नामा कफिखेति वगैचा स्थापना मा सहयोग गरी कृषी क्षेत्रको

बिकासको कार्य गरेका छौं । तर कोरोना माहामारीको कारणले कृषि तथा पशु बिकासको क्षेत्रमा गरिने कार्यलाई अपेक्षकृत रुपमा अगाडि बढाउन नसकियको अबस्था रहेको छ।

सहकारी डिभिजन कार्यालयले नगर कार्यपालिकालाई हस्तान्तरण गरेका २२ वटा सहकारी फाईल र ति सहकारीलाई सम्पर्कमा ल्याई सक्रिय र निस्कृय सहकारी पत्ता लगाउने काम गरीएको छ । जस मध्य नगर क्षेत्रमा जम्मा ७ वटा सहकारी मात्र सक्रिय हरेका छन् । यस अवधिमा एउटा सहकारी नयाँ दर्ता गर्ने काम भएको छ ।  ति सहकारीलाई सहकारी व्यवस्थापन तथा COPOMIS सम्वन्धि २ दिने प्रशिक्षण गर्ने काम गरीएको छ ।

प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मार्फत पनि गरिब एवं बेरोजगारको तथ्यांक लिई स्थानीय श्रमलाई बढावा दिइ संघीय सरकारको नीति अनुरुप हामीले कार्यक्रम सञ्चालन गरी रोजगारी बढाउन प्रयास गरी रहेका छौं । भित्रका १८ बर्ष पुरा गरी ५९ बर्ष ननाघेका १०८९ घर परिबारको बिवरण प्रधानमन्त्री रोजगार कार्यक्रमको केन्द्रीय सर्भरमा इन्ट्रि भएको छ त्यसैगरी परिस्थिति अनुकुल भएको खण्डमा हामी अन्य रोजगारमुलक कार्यक्रमलाई निरन्तरता दिने प्रकृयामा रहेकाछौं ।

**ख) सामाजिक क्षेत्र :** नगर क्षेत्रका वडा नं. ५, ७, ८, ९ मा रहेका श्री तेडी आ.वि., सरस्वती आ.वि., शारदा आ.वि., तेडी कालिका आ.वि. र तेडी मा.वि. मा १४ कोठा निर्माणको अन्तिम चरणमा पुगेका, तेडी कालिका आ.वि. र सुनादेवी मा.वि.मा प्रखाल निर्माणको कार्य भएको छ । त्यसैगरी तेडी आ.वि. कुन्जेडी र मष्टेश्वर आ.वि. मछेन्तोलामा WASH सहितको सौचालय, दुर्गा मा.वि पाकरी र तेडी मा.वि. कलेनामा विज्ञान प्रयोगशाला, महेन्द्र आ.वि., सुनादेवी मा.वि. र शारदा आ.वि. मा गणित, अंग्रेजी र विज्ञानका लागी क्रियाकलापमा आधारीत सामाग्री अनुदान, प.प.मा.वि. र अरुणेदय आ.वि. शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोग सम्वन्धि ल्याव, शिलादेवी आ.वि., दुर्गा मा.वि., र देवी मा.वि.मा पुस्तकालय व्यवस्थापन गरिएको छ । स्थानीय पाठ्यक्रम २०७६ खाका कोर्ने काम भइ त्यसलाई अन्तिम रुप दिन वाँकी रहेको छ । माध्यमिक तह नभएका २ वटा वडा वडा नं. ७ र ९ मा कक्षा १० सम्म पढाई हुने व्यवस्था मिलाईएको छ । शहिद स्मृति आ.मा.वि. र कुमालीकोट मा.वि.मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगतको ICT प्रयोगशाला र सिकाई उपलव्धि सामाग्री अनुदान कार्यक्रम का लागी सम्झौता भई काम अगाडी बढेको छ । , स्वयंसेवक शिक्षक अनुदान कार्यबिधि २०७६ बमोजिम केही विद्यालयमा निजि शिक्षकहरुलाई अनुदानको व्यवस्था गरीएको छ ।

घरेलु श्रमबाट मुक्त गरी आबासीय बिद्यालयमा भर्ना गरिएका बालबालिकाहरुको आबश्यक सहयोग कार्यक्रम निरन्तर रहेकोछ । त्यसै गरी बादी समुदायको आबासको प्रबन्धको लागि प्रदेश सरकार संग समन्वय गरिएको छ ।

यस बर्षमा बिभिन्न शाखाबाट सामाजिक क्षेत्रको काम गर्नका लागि अनुकुल परिस्थिति नभएका कारण काम गर्ने वाताबरण सहज नरहेको अबस्था बिद्यमान रहेको छ तथापी ठूलो चुनौतिको रुपमा आएको भेरियन्ट कोभिड १९ नियन्त्रण एवं ब्यबसपनमा नै हामीब्यस्त रह्यौं  ।

व्यक्ति,परिवार तथा समुदायमा थप संत्रलमण नफैलियोस भनेर हामी लागी परेका छौ ।भेरियन्ट कोभिड १९ लाई रोकथाम गर्न बन्दाबन्दीको समयमा समेत नगरका प्रत्येक वडामा रहेका स्वास्थ्य संस्था,स्वास्थ्यकर्मी,म.स्वा.स्वं.से.हरु निरन्तर अटुट रुपमा संचालन तथा परिचालन गरेका छौ । उपलब्धताका आधारमा ढिलै भएपनी अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्टेटोर को व्यवस्थापन पालिकामा गरेका छौ साथै महामारीको रोकथाम तथा नियन्त्रणका लागी रेडियो एफ.एम बाट सन्देशमुलक सामाग्री प्रशारण गरेका छौ । हाल पालिका अन्तर्गत कोरोना उपचारका लागी आईसोलेसन जिल्ला अस्पताल डोटीमा रहेपनी होम क्वारेन्टाईन तथा होम आईसोलेसनको धारणा अनुरुप वडामा जनचेतना जारी गर्दै नगरमा संक्रमणको अवस्था जाहेर गर्न परिक्षणलाई जारी गरेका छौ । भेरियन्ट कोभिड १९ महामारीको व्यवस्थापन आफैमा जटिल चुनौतिपुर्ण तथा खर्चिलो भएको हामिले महसुस गरेका छौ तथापी नगरवासिहरुको जिउ धनको रक्षाका लागी सिंगो नगरपालिका लागी पर्नुका साथै कोरोना महामारी माथी विजय प्राप्त हुनेछ भन्ने विश्वास सहित सम्पुर्ण नगरवासीमा जनस्वास्थ्यका मापदण्ड अपनाई कोरोना लाई परास्थ गरिदिनुहोस भन्ने पनि अनुरोध गर्दछु ।

**(ग) पूर्बाधार विकास क्षेत्र :** नगरको बिकासमा पूर्बाधार बिकासका लागि सबै वडामा बिनियोजन गरिएको बजेटको ठूलो हिस्सा यसै क्षेत्रमा बिनियोजन गरिएको थियो । कोरोना महामारीमा वन्दावन्दीको कारण हामीले पनि कामलाई सोचे जति गति दिन सकेनौं तथापी यस नगर क्षेत्रमा २ कोठा ४ वटा र ४ कोठे २ गरि ६ बिद्यालय भवन, साना ठूला गरि १३ वटा सिंचाई कुलोहरु , सिंचालई पोखरी ८ वटा, खानेपानी आयोजनाहरु २३ वटा निर्माण गरिएका छन्। साना ठूला गरी १७ वटा सडक योजनाहरु, ६ वटा वाटोहरुमा पि.सी.सी., WASH सहतिको एउटा शौचालय वाड न. ७ मा निर्माण गरिएका छन् । यसैगरी टुंडिखेल खेल मैदान निर्माण र वडा न. ४ को थलापार्क निर्माधिन अवस्थामा रहेका छन् । धार्मीक पर्यटन बिकासको लागि शैलेश्वरी परिसरमा नेपाल आमाको मुर्ति निर्माणको कार्य सम्पन्न भएको छ । द्धवारी खोलामा ट्रस ब्रिज र दुधेश्वर र कोटभैरव जोड्ने झुलुङ्गे पुल निर्माणको कार्य प्रकृया रहको छ ।

**(घ) वाताबरण तथा बिपद् व्यवस्थापन :** नगरस्तरीय बिपद् तथा जलबायु उत्थानशील योजना र बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुरुप बिभिन्न नियाकाय तथा संघ संस्थाहरुसंगको समन्वय र सहकार्यमा पुर्व तयारी तथा प्रतिकार्य संग सम्वन्धित कृयाकलापहरु संचालन गपिरएका छन् । बिश्व महामारीको रुपमा रहेको कोरोनाको दोस्रो वेवका कारण यो बर्ष पनि नगरपालिकाको मुख्य ध्यान कोभिड नियन्त्रणमा नै गएको छ । सडकलाई ग्रीन सडक क्लिन सडक बनाउनका लागि किनाराको बृक्षारोपण कार्यलाई निरन्तरता दिइएको छ । सामुदायिक वन उपभोक्ता महासंघसंगको सहकार्यमा नगरका ४० वटा सामुदायिक वन उपभोक्ता समुहहरुमा स्थानीय सरकार तथा स्थानीय स्तरका समन्वयात्मक कार्यहरुबाट सामुदायिक वन अधिकार सुनिश्चित कार्यक्रम सुरुवात गरिएको छ । मानबीय सहयोगका लागि नगर बस, एम्बुलेन्स,

दमकल र नगरपालिकाको सवारी साधनलाई परिचालन गरिएको समुदायमा कोभिड नियन्त्रणका लागि मास्क, सेनीटाइजर प्रदान गरिएको छ ।

(ङ) **<u>संस्थागत विकास, सेवा प्रबाह र सुशासन</u>** : नगरपालिकाको संस्थागत विकासको लागि सबै शाखा, एकाई, सहित सबैसंग समन्वय बढाइएको छ । नगरबाट गरिने अनुगमन सुपरीबेक्षण कार्यलाई सुदृढ गरिएको छ । नगरमा सुशासन, पारदर्शिता, जवाफदेहिता अभिवृद्धिका लागि डिजिटल नागरिक वडापत्र जडान, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सामाजिक लेखापरीक्षण अवलम्वन गरिएको छ । यसै बर्ष नगरपालिकाको संस्थागत स्वमुल्याकंन (Local Government Institutional Self-Assessment (LISA) गरि सोका आधरमा क्षमता बिकास योजना तयार गरिएको छ ।

(च) **<u>न्यायिक समितिः</u>** नगरवासीको न्यायमा पहुंच अभिवृद्धी गर्न  नगरले न्यायिक समितिले गठन गरि विभिन्न प्रयासहरु गर्दै आएको छ ।  जसअनुसार प्रत्येक वडामा ३ जनाका दरले २७ जना मेलमिलापकर्ता छनौट तथा क्षमता अभिवृद्धी, नगर स्तरीय मेलमिलाप समिति गठन तथा परिचालन,  न्यायिक समितिका वारेमा र यसले हेर्ने मुद्धाहरुका वारेमा विभिन्न माध्ययमबाट जानकारी गराउने कार्यहरु हुदै आएको छ । विशेषगरी न्यायिक समितिमा साँध सिमाना, लेनदेन, घरेलुहिंसा, कुटपिट, अंशबण्डा जस्ता मुद्दा आउने गरेका छन्।  यस बर्ष २० वटा मुद्धा आएकामा १७ वटा मुद्दाहरु मिलापत्र एवं किनारा लगाइएका छन । बाकी ३ वटा प्रकृयामा रहको छन् । न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता अभिवृद्धी, यसको कामको वारेमा समुदाय स्तरमा जानकारी गराउदै र वडास्तरमा मेलमिलाप समितिहरुलाई सक्रिय बनाई  न्यायिक सम्पादनको कार्यलाई आगामी बर्षमा थप ब्यवस्थित र प्रभावकारी बनाउने प्रयास गरिएको छ ।

आदरणीय सभाध्यक्ष ज्यू

नगरलाई सभ्य, आर्कषक, सुशासनयुक्त, अनियमितता र ढीलासुस्ती रहित सुबिधा सम्पन्न बनाउन यस सभामा उपस्थित जनप्रतिनिधी लगायत यस सभा बाहिर रहनु भएका राजनैतिक दल, उपभोक्ता समिति, नागरीक समाज, पत्रकार, महिला, दलित, अपाङ्ग, जनजाती बुद्धिजीवी, शिक्षक, समाजसेवी, कर्मचारी, नगर एंव जिल्लाबासी सबैको कर्तव्य हो । बिगतका राम्रा नराम्रा कुराको समीक्षा गर्दै आगामी दिनमा अझ धेरै राम्रो कसरी गर्न सकिन्छ भनि केही लक्षित कार्यक्रम, नीति तथा योजना तर्जुमा गरी अगाडी बढ्नु पर्ने आबश्यकताका कारण नगरसभाले केही लक्षित कार्यक्रम तथा नीतिहरुलाई निम्नानुसार अगाडि सारेको छ ।

## खण्ड दुई : आथिक बर्ष २०७८र०७९ को नीति, कार्यक्रम तथा बजेट

**२.१.१. सोच : "नगरको हित र नगरवासीको सेवाका लागि दृढ कटिवद्धता**

**सन्दर,समृद्ध तथा समुन्नत दिपायल सिलगढी हाम्रो प्रतिवद्धता"**

**२.१.२. लक्ष्य :** कृषि योग्य जमिनको सदुपयोग,व्यबसायिक पशुपक्षीं पालन, धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षण,पर्वद्धन र व्यबस्थापन, लैगिंक तथा समाबेशीकरणमा जोड, उद्यमशिलताको बिकास, भौतिक पूर्बाधारको बिकास, स्थानीय स्रोत साधन र जनशक्तिको परिचालन गरी गरिबी घटाउदै स्वस्थ,समृद्ध एवम् समुन्नत नगर बनाउने ।

**२.१.३. उद्देश्य :**

क) नगरलाई भेरियन्ट कोभिड-१९ को महामारीबाट जोगाउदै जनजीवन सामान्य तर्फ फर्काउने ,

ख) आर्थिक सामाजिक रुपले पछाडी परेका घर परिवार, वर्ग र समुदायको जिवनस्तर उठानु,

ग) जलवायु परिवर्तन अनुकुलन, विपद जोखिम न्यूनिकरण गर्दै नगरवासीको उत्थानशिलता विकास गर्न सहयोग गर्ने,

घ) कृषिमा लगानी गरी रोजगारी सृजना गर्ने,

ङ) गुणस्तरीय, दिगो भौतिक पूर्वाधारको बिकास गर्ने,

च) बालमैत्री, महिला मैत्री र समाबेशी नगरको बिकास गर्ने,

छ) पुर्णसरसफाई युक्त, बाताबरण मैत्री नगरपालिका निर्माण,

ज) आन्तरिक पर्यटनलाई प्रबर्द्धन गर्ने कार्यमा जोड दिने ।

झ) सम्पुर्ण नगरवासीको जीवनमा गुणस्तरीय परिवर्तन ल्याउनको लागि शिक्षा, स्वास्थ्य, आय आर्जन र .सामाजिक सशक्तिकरणका एकिकृत विकास कार्यक्रमहरु संचालन गर्ने,

**२.१.४. अपेक्षित उपलब्धी :**

नगरका मुख्य बजार क्षेत्रहरु आर्कषक र सुबिधायुक्त हुनेछन्, सबै ग्रामीण बस्तीहरुमा बिजुली, खानेपानी सडक सुबिधा पुग्नेछ । बिद्यालय उमेर समूहका सबै बालबालिका बिद्यालयको पहुंचमा हुनेछन, नगरमा एउटा हरियाली सहित समाबेशी पार्क निर्माण हुनेछ, धार्मीक पर्यटकीय क्षेत्रको संरक्षण हुनेछ । भेरिएन्ट कोभिड- १९ नियन्त्रणमा रहने छ, कृषि प्रणालीमा सुधार भई रोजगारी सृजना हुनेछ । नगरमा रोजगारीको सृजना भई गरिबी घट्नेछ,।

### २.२. बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधारहरुः

### २.२.१. समग्र नीति तथा आधारहरु

**दिपायल सिलगढी नगरपालिकाले आगामी आ.ब.२०७८।०७९ को नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा लिइएका समग्र नीति तथा कार्यक्रमलाई यस प्रकार प्रस्तुत गर्न चाहान्छु ।**

सभाध्यक्ष महोदय,

दिपायल सिलगढी नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९को बार्षिक नगर विकास योजना तर्जुमा गर्दा स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४(परिमार्जन सहित) योजना तर्जुमा गर्दा अवलम्वन गर्ने प्रक्रिया पूरा गरी आएका नगरवासीहरुका मागहरुलाई नगरपालिकाको स्रोत र साधनको उपलब्धताको आधारमा समेटने प्रयत्न गरेका छौं । योजना तर्जुमा गर्दा नेपालको संविधान २०७२ को अनुसुची ८ मा व्यस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसुची ९ मा व्यवस्था गरीएका साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गरिएको व्यवस्था, स्थानीय तहको बार्षिक बजेट तथा योजना तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित), संघीय सरकार एवं प्रदेश सरकार र राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्ग निर्देशन, एबं भेरियन्ट कोभिड-१९ लाई मध्ये नजर गरी योजना तर्जुमा गरिएको छ । यसका साथै नगर विकास योजना निर्माणका लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आगामी आ.ब.को नीति, आ.ब. ०७८।०७९ का लागि नेपाल सरकारबाट पारित नीतिहरु, सुदूर पश्चिम प्रदेश सरकारको आ.ब. २०७८।०७९ को बिनियोजन बिधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति, एंव वडास्तरीय भेला तथा वडा समितिबाट आएको प्राथमिकीकरणका आधारमा नगर कार्यपालिकाको बैठकबाट सिफारिस भई आएका योजनाहरुलाई नगर सभामा पेश गरिएको छ ।

राजस्वका दरहरुका सम्बन्धमा कर सेवा शुल्क तथा दस्तुरलाई २०७७ को सातौ नगर सभाबाट पारित भएको दायरामा बर्तमान कोरोना असरबाट परेको प्रभावलाई समेत केही हेरफेर गरी पारित गरिने नीति अबलम्बन गरिएको छ ।

**बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिइएका आधारहरु** :

१. नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,

२. संघिय सरकारले अंगिकार गरेको पन्ध्रौं आवधिक योजना (२०७६।०७७-२०८०।०८१ ले निर्धारण गरेको लक्ष्य नीति तथा प्रथमिकताहरु,

३. संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,

४. संघीय सरकार एबं प्रादेशिक सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,

५. सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु

६. राजस्व परामर्श समितिको प्रतिवेदन,

७. विगत वर्षहरुमा सम्पन्न भएका नगर सभाका बैठकहरुबाट भएका निर्णयहरु,

८.नगर कार्यपालिकाले योजना तर्जुमाकालागि निर्णय गरी तोकेका आधारहरु,

९ं स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित),

१०. स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको ब्यवस्था,

११. नेपाल सरकारबाट आ.ब.२०७८।०७९ का लागि पारित नीतिहरु,

१२. सु.प. प्रदेश सरकारबाट आ.ब.२०७८।०७९ को बिनियोजन बिधेयकको सिद्धान्त, उद्देश्य, प्रथमिकता र प्रमुख नीति

१३. नगरपालिकाको गुरुयोजना,

१४.नगरपालिकाको पार्श्व चित्र,

१५. संघीय र प्रदेश सरकारबाट समपुरक अनुदानको लागि आवश्यक पर्ने लागत साझेदारी रकम ।

**२.२.२. क्षेत्रगत नीति तथा आधारहरु** :

(**क**) **आर्थिक बिकास :** कोरोनाको कारणले रोजगारी गुमाई भारत लगायतका अन्य देशहरुबाट धेरै नगरवासीहरु भित्रिएका छन र फर्केर पुनः बिदेश जान सक्ने हालको परिस्थिति नभएका कारण स्थानीय सरकारले स्थानीय तहमै रोजगार प्रदान गर्नु पर्ने अबस्था बिद्यमान छ । नगरवासीलाई आयआर्जनका कृयाकलापहरुमा आत्म निर्भर बनाई रोजगार सृजना गर्ने कार्यलाई प्राथमिकता दिन आबस्यक छ, शहरी सुबिधा बृद्धि गरी आकर्षक नगर बनाउन र तराईतिर बसाइ सराईको क्रमलाई रोक्न आजको आबश्यकता रहेको महशुस हामीलाई भएको छ । त्यसैले आर्थिक बिकासको लागि निम्न बमोजिमका नीति अख्तियार गरिएको छ ।

**१. कृषि तथा पशुपन्छी :**

आर्थिक विकासको मूल आधार कृषि र पशुपक्षी पालन रहेको मध्यनजर गर्दै कृषि, पशुपालन, फलफूल, कुखुरापालन एबं पकेट क्षेत्र विकास, सिंचाई र एक गाउं एक उत्पादनको कार्यक्रम मार्फत उल्लेख्य प्रगति हासिल गर्न निम्न बमोजिमका नीति अख्तियार गरिएको छ ।

१.१.कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्म निर्भरताका लागि मल, बीउ, कीटनासक औषधी, प्रबिधि र उत्पादित बालीको बजार ब्यबस्थाका लागि कृषि बिकासका कार्यक्रम सञ्चालन गर्ने,

१.२. कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण तथा ब्यवसायीकरण गरि कृषि उत्पादनमा वृद्धि गरिनेछ,

१.३. आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजुदरलाई रोजगारी उपलब्ध गराउन श्रम मुलक, स्थानीय कच्चापदार्थ सिप र प्रविधिको प्रयोग गरी लघुबित्त तथा उद्यमशिलता सम्बन्धी आयोजनाहरु संचालन गरिने छ ।

१.४.प्रत्येक वडाको सम्भाव्यताको आधारमा पकेट क्षेत्रको पहिचान गरी कृषकलाई एकिकृत रुपमा सेवा सुविधा उपलब्ध गराईनेछ ,

१.५. पशुपक्षी व्यवसाय अन्तर्गत चालु आ.व. मा संचालित वाखापालन तथा गाई, भैसीपालन पकेट प्याकेज कार्यक्रमलाई निरन्तरता दिइएनेछ र नगरपालिकाको एकल वा प्रदेश तथा संघ सरकारसंग सहकार्य गरि थप पकेट प्याकेज कार्यक्रम संचालन गरिनेछ,

१.६.पशुपक्षीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकिकृत प्राविधिक सेवा उपलब्ध गराउनुका साथै वित्तिय तथा अन्य सेवामा सहजीकरण गरिनेछ,

१.६. किसानहरुलाई समयमै मुल वीउ, उपलब्ध गराई उत्पादकत्व वृद्धि गर्न अनुदानमा मुल वीउ धान, गहुं, मकै) उपलवध गराउने व्यवस्था मिलाईनेछ । हालको अनुदान दिने पक्रयालाई थप विश्वसनिय, प्रभाकारी, पहुंचमा वृद्धि हुने गरि वास्तविक किसानलाई सहि ढंगले उत्पादनमा अनुदान उपलव्ध गराइनेछ ।

१.७. ब्यबसायीक तरकारी तथा फलफुल खेती एबं पशुपालन गर्ने किसानको लागि नगरपालिका तथा किसानको साझेदारीमा कृषि तथा पशु बीमा कार्यक्रम लागु गर्ने,

१.८. कृषि तथा पशुपालनको क्षेत्रमा प्राबिधिक सहयोग गर्न एक गाउं एब प्राबिधिक कार्यक्रमलाई राष्ट्रिय योजना आयोग एबं कृषि तथा पशुपंक्षि बिकास मन्त्रालय संगको साझेदारीमा गत बर्ष जस्तै निरन्तरता दिने ।

१.९.युवा स्वरोजगार सृर्जना गर्न नगरका सम्भाबित क्षेत्रमा बाखापालन, ब्यवसायीक तरकारीखेती आँपखेती, केराखेती, लिची खेती चियाखेती, कफीखेती आदि कार्यक्रम सञ्चालन गर्न किसानलाई प्रोसाहित गरिनेछ,

१.१०. नेपाल सरकारले स्वदेशी बस्तुको उपभोग गरौं, आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौं भन्ने अभियान सञ्चालन गरेको छ यस नगरपालिकामा पनि कृषि क्षेत्रमा यान्त्रिकीकरण र आधुनिकीरण गरी तरकारी, फलफुल, नगदेबाली, पशुपालन तर्फ युवाहरुलाई आकर्षित गर्न नगरपालिकाबाट सहुलियत प्रदान गर्न बजेट बिनियोजन गरिनेछ ।

१.११. कृषि विकास रणनिति अन्तरगत किसान सुचिकरण कार्यक्रम संचालन गरिने छ ।

२. **उद्योग तथा वाणिज्य :**

२.१. स्थानीस्तरमा रोजगारी अभिबृद्धि गर्न अन्य सरकारी तथा गैरसरकारी निकायहरुसंगको साझेदारीमा बिभिन्न किसिमका सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

२.२. सार्वजनिक क्षेत्र र निजी क्षेत्रको साझेदारीमा नगर समृद्धिका कार्यहरु संचालन गर्न लगानीमैत्री वातावरण तयार गरिनेछ । नगरवासीलाई स्थानीय स्तरमा लगानी गर्न अभिप्रेरित गरिनेछ ।

२.३. उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास, प्राविधिक सीप विकास, लघु वित्तमा पहुँच, उपयुक्त प्रविधिमा पहुँच, वस्तु र सेवा वजारीकरण तथा व्यवसाय परामर्श जस्ता उद्यमशिलता सिर्जना गर्ने उपकरणहरु अपनाई लघु उद्यम विकास मोडेलका माध्यमवाट आर्थिक पूँजि सिर्जना गरिनेछ ।

२.४. नगरक्षेत्र भित्रका उद्योगहरुको वर्गीकरण गरी व्यवसायीकरण गर्ने र उद्योगहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने नीति लिइनेछ ।

२.५. सम्बन्धित निकाएको सहयोग तथा सहकार्य सहित प्रत्येक महिना बजार अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

२.६. बजारमा अनियन्त्रित रुपमा रहेका फुटपाथ पसलहरुलाई हटाइ बजारलाई व्यवस्थित तथा सफा बनाउने कार्यलाई निरन्तरता दिईनेछ ,

२.७.मदिरा बिक्री वितरणलाई ब्यवस्थित गरिनेछ । यसलाई प्रभावकारी वनाउन नागरिक समाज, प्रहरी प्रशासन, नगर प्रहरी, उद्योगी ब्यापारी, उद्योग वाणिज्य, च्यम्वर्स अफ कर्मस, मिडिया, समाज सेवी सवैको सहयोग लिई कार्य संचालन गरिने छ ।

## ३. पर्यटन प्रर्वद्धन

३.१. पर्यटन प्रवर्द्धनका लागि गुरु योजना तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।

३.२. पर्यटन विकासलाई बढोत्तरी गर्न खप्तडको प्रबेशद्वार सिलगढी , शैलेश्वरी क्षेत्र, दिपायल कोटभैरव, दिल्पेश्वरमा आवश्यक पुर्वाधार विकास र नगरमा रहेका प्रर्यटक गन्तव्यहरुमा आकर्षण बढाउन फोटो स्पटहरु, भ्यूटावर,चौतारीहरु, होर्डिङबोर्ड स्थापना लगायत प्यारा ग्लाइडिङ, वन्जि जम्प, सेती नदीमा र्‍याफ्टिङ, थलापार्क संचालन जस्ता कार्यहरुलाई प्राथमिकतामा राखिने छ । पर्यटन प्रबर्द्धन गर्न पर्यटन गाईड, पर्यटन बस, घोडचढी र पद यात्रा सेवाको विकासमा जोड दिइनेछ ।

३.२. स्थानीय परम्परागत कला संस्कृतीलाई साँस्कृतिक पर्यटनका रुपमा विकास गर्दै ऐतिहासिक तथा पुरातात्विक पर्यटकीय स्थलहरुको खोज अनुसन्धान र जिर्णोद्धार गरि दिपायल कोटभैरव दरवारलाई संग्रालयको रूपमा विकास गरिने छ,

३.३.बाह्य तथा आन्तरिक पर्यटन, धार्मिक पर्यटन प्रवर्द्धनका लागि मेला, जात्रा, उत्सव, समारोह, सांस्कृतिक झाकी, देउडा कार्यक्रम तथा घरबास ( होम स्टे) लगायतका उपयुक्त कार्यक्रमहरु संचालन गरिनेछ । सिलगढीमा होम स्टे संचालनको लागि सम्भाव्यता हेरि निजि क्षेत्रसंग सहकार्य गरिने छ ।

३.४. यस नगरमा रहेका पर्यटक गन्तब्यहरु र यहां मनाइने जात पर्वहरुका वारेमा प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकको आगमन वढाउनमा सघाउ पुर्‍याइनेछ ।

३.५. पर्यटन प्रवर्द्धन गर्न सरकारी र नीजि क्षेत्रको सहकार्यमा जोड दिइने छ ।

३.६. पर्यटकिय सम्पादाहरुको प्रचार प्रसार गर्न र पर्यटन सम्वन्धी तथ्याकंक, सूचना व्यवस्थित गर्न पर्यटन सूचना केन्द्र संचालन गरिनेछ

## ४. सहकारी

४. १. यस नगरपालिका भित्रका सहकारी तथा वित्तिय संस्थाहरुलाई उत्पादनमूलक क्षेत्रमा लगानीका लागि प्रोत्साहन गरि सहकारी सम्बन्धी विभिन्न तालिम संचालनमा सहयोग गर्नुका साथै नाफामूखी भन्दापनि सेवामूखी बनाइने नीति लिइनेछ ।

४.२. सहकारी तथा वित्तिय संस्थाहरु मार्फत गरीवी निवारण गर्न सबै प्रकारका सहकारीहरुलाई प्रोत्साहन गरिनेछ ।

४.३.निष्क्रिय रहेका सहकारी संस्थाहरुलाई भौगोलिक कार्यक्षेत्र र प्रकृतिका आधारमा एकीकरण गरी सक्रिय गराउन पहल गरिने छ ।

४.४. सहकारी संस्थाको व्यवसायिक कारोवारलाई पारदर्शी बनाउन आवश्यक व्यवस्था गरिने छ ।

४.५. उद्यमशिलता विकास र स्थानयि पर्यटन प्रवर्द्धनमा सहकारी क्षेत्रको भुमिका वढाइने छ । उत्पादनमुलक सहकारी संस्थालाई प्रत्साहित गरिनुका साथै महिला उद्यमी समुह तथा सहकारीलाई प्रोत्साहन गरिनेछ ।

## ५. रोजगारी तथा गरिबी निवारण

५.१. महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण भारत लगायत अन्य देशबाट रोजगारी गुमाई फर्किआएका व्यक्तिहरुको विवरण निरन्तर अध्यावधिक गरिनेछ र उनीहरुले हासिल गरेको सीपको अभिलेख तयार गरी इच्छुक व्यक्तिहरुलाई स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

५.२. विदेशबाट फर्किएकाहरुले कुनै उद्यम, व्यवसाय आदि सञ्चालन गरी स्वरोजगार तथा रोजगार हुन चाहेमा उनिहरुको लगानीमा सस्तो बैंक ब्याजमा ऋण प्राप्तिका लागि आवश्यक सहजीकरण र योजनामा आवश्यक अनुदानको व्यवस्था मिलाईनेछ

५.३. प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनका लागि नगर क्षेत्र भित्रका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रको सूचीमा दर्ता गर्ने, दर्ता भएका व्यक्तिहरुलाई प्राथमिकता दिई कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु स्थानीय तह समेतको साझेदारीमा न्युनतम रोजगारीको प्रत्याभुति गरिनेछ ।

५.४.दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारी प्रबर्द्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरी बेरोजगार ब्यक्तिलाई तालिम दिइनेछ,

५.५. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र नीजि, सहकारी तथा गैर सहकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

५.६. स्थानीय तहमा रहेका परम्परागत सीपलाई परिस्कृत,प्रवर्द्धन गर्दै व्यवसायिक र उद्यमशील बनाईने छ,

५.७. सामुदायिक बनको विशेषता पहिचान गरि उक्त सामुदायिक वनको उपभोक्ता समितिको उद्यमशिलता बिकास गर्नका लागि आवश्यकता अनुसार एक वन एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ साथै वनमा आधारित विभिन्न खालको उत्पादन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ,

ख) **सामाजिक विकास सम्बन्धी नीतिहरु :** : मानवको व्यक्तित्व बिकास, चेतना, शिक्षा, सम्बृद्धि, दीर्घ जीवन, सामाजिक सद्भाव, मेलमिलाप, समतामुलक समाज आदि बिषयहरु सामाजिक बिकास अर्न्तगतका बिषय हुन। समग्र बिकासको केन्द्र बिन्दु समाज भएका कारण हामीले पनि समाजिक क्षेत्रलाई उच्च प्राथमिकता दिई काम गर्नु पर्ने भएकोले यस क्षेत्रमा निम्नानुसार नीतिहरु प्राथमिकतामा राखिएको छ ।

**१. शिक्षाः**

१.१. बिद्यालय बन्द रहेको अबस्थामा नेपाल सरकारबाट तोकिएको मापदण्ड बमोजिम बैकल्पिक बिधिहरुको प्रयोग गरी पठनपाठन शुरु गर्न आबस्यक उपायहरु अबलम्बन गरी आबस्यक बजेट बिनियोजन गरिनेछ ।

१.२. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धिका लागि शिक्षकको क्षमता विकास कार्यक्रम संचालन गरिनुका साथै शैक्षिक योजना निर्माण गरि लागु गरिनेछ ।

१.३. प्राबिधिक बिषयको पढाईका लागि आवश्यक सहयोग र समन्वय गर्ने कार्यलाई निरन्तरता दिदै सिलगढीमा ईन्जिनियरिङ क्याम्पस स्थापना र संचालनका लागि सक्दो आवस्यक सहयोग तथा पहल गरिनेछ ।

१.४.विद्यालयलाई लैङ्गिक मैत्री भौतिक संरचना साथै शिक्षकहरु लैङ्गिक संवेदनशील बन्न नीति नियमहरु बनाई कार्यान्वयनमा ल्याईनेछ ।

१.५.विद्यार्थीका हातमा पाठ्यपुस्तक तथा शिक्षकको हातमा पाठ्यक्रम कार्यक्रम प्रभावकारी बनाउन शैक्षिक विकासका कार्यक्रम संचालन गरिनेछ ।

१.६. बिद्यालय व्यवस्थापन समितिको बैठकलाई उपलब्धि र नतिजामूलक बनाउन बिद्यालय व्यवस्थापन समितिको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ,

१.७. विद्यालयहरुमा हुने शिक्षण गतिविधिको अनुगमन, निरीक्षण र मूल्याङ्कन नियमित र प्रभावकारी बनाउनका लागि नगर शिक्षा समिति गठन गरी परिचालन गरिनेछ,

१.८.बालमैत्री सिकाईलाई संस्थागत गर्न आवश्यक कार्यक्रमको कार्यान्वयन गर्ने नीतिलाई अंगिकार गरिनेछ ।

१.९. शैक्षिक गुणस्तरमा सुधारका लागि उत्कृष्ट बिद्यार्थी, शिक्षक तथा बिद्यालयलाई प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ,

१.१०. अपांगता भएका बालबालिकाहरुलाई आबस्यकता अनुसारको भौतिक ब्यबस्था गर्न बिद्यालयलाई प्रोत्साहन गरि आबश्यक सहयोग गरिने छ,

१.१२. बिद्यालय व्यवस्थापन समिति लगायतका समितिहरुमा बालबालिकाहरुलाई लक्षित गरी छलफलका कार्यक्रमहरु संचालन गरी शैक्षिक गुणस्तरको अभिबृद्धि गरिनेछ ।

१.१३. निजी श्रोतका शिक्षकहरुको उचित सम्मान गर्दै निजि श्रोतका शिक्षकहरुको व्यवस्थापनका लागि नगर शिक्षकको रुपमा निजहरुलाई ब्यबस्थापन गर्न हुन सक्ने बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ । बालबिकास केन्द्र संञ्चालन कार्यक्रमलाई संस्थागत रुपमा संचालन गर्नका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१.१४. ग्रीन स्कुल, क्लिन स्कुल को अबधारणा लागु गर्न पूर्ण सरसफाई बिद्यालय र पूर्ण सरसफाई युक्त समुदाय निर्माणका लागि युनिसेफसंगको साझेदारीलाई निरन्तरता दिइनेछ ।

**२) स्वास्थ्य :**

२.१. नगर क्षेत्रमा रहेको जिल्ला अस्पताल तथा नीजि, सामुदायिक अस्पतालमा महामारी रोग नियत्रणका लागि कोभिड - १९ परीक्षण र उपचार गर्न सम्बन्धित सरोकारवालाहरुसँग समन्वय , सहकार्य गर्नुका साथै आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ,

२.२. कोभिड - १९ लगायतका महामारी, विपद्को अवस्थामा महिला, अशक्त, दीर्घरोगीहरुको स्वास्थ्य सेवामा पहुच सुधार गर्न विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

२.३.स्वास्थ्य शाखा मार्फत नगरमा रहेका स्वास्थ्य संस्थाद्धारा प्रदान गरिने आधारभुत स्वास्थ्य सेवाहरु खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सम्बन्धी सेवाहरु तथा उपचारात्क सेवाका लागि आबस्यक औषधी उपकरण तथा स्वास्थ्य सामग्रीको लागि बजेट ब्यबस्था गरिने छ साथै पूर्ण खोप सुनिश्चिता र दिगोपना कार्यक्रमलाई निरन्तरता दिईनेछ,

२.४. नगरक्षेत्र भित्रका स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र,शहरी स्वास्थ्य केन्द्र र वर्थिङ्ग सेन्टरलाई भौतिक तथा मानवीय सुविधायुक्त बनाई संचालन एवम् व्यवस्थापन गर्दै नेपाल सरकारले निर्दिष्ट गरेका निःशुल्क औषधि उपचारको उपलब्धतालाई सहज बनाउन आवश्यक पहल गरिनेछ ।

२.५. अति गरीव परिवारहरुलाई स्वास्थ्य सेवा बीमा गर्ने कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनका लागि नीति, बजेट, कार्यक्रमको तर्जुमाका साथै सम्बन्धित सरोकारवालासँग समन्वय तथा सहकार्य गरिनेछ ।

२.६.स्थानीय स्तरमा स्वास्थ्य तथा सरसफाईका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्नका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ साथै पुर्ण सरसफाई युक्त

समुदाय निर्माणका लागि दातृनिकायहरु संगको कार्यक्रमलाई निरन्तरता दिई नगरपालिकाबाट समेत रकम बिनियोजन गरिनेछ ।

२.७.महिला स्वास्थ्य स्वमसेवीकाहरु, आमा समुहको मनोवल उच्च हुने खालका प्रोत्साहनमूलक कार्यक्रमहरु संचालन गरिनुका साथै निजहरुको क्षमता विकास सम्बन्धी तालिम प्रदान गरी परिचालन गरिनेछ । महिला स्वास्थ्य स्वमसेवीकाहरुको वृत्तिविकासको लागि संघ र प्रदेशका शिक्षण संस्थाहरुसंग समन्वय गरिनेछ ।

२.८. सुनौलो १००० दिनका आमाहरुलाई लक्षित गरी स्वास्थ्य तथा पोषणका कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनुका साथै पोषण युक्त वडा घोषणाको कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२.९. नगरपालिकाका बिपन्न बर्गहरुको स्वास्थ्य सेवामा पहुच बृद्धि गर्न बिशेषज्ञ स्वास्थ्य शिबिर संचालन गरिनेछ ।

२.१०. **"योग गरौ स्वास्थ्य बनौ"** भन्ने नाराका साथ योग कार्यक्रमको विस्तार गरि उक्त कार्य संचालन गर्न सम्बन्धित पक्षलाई आबश्यक सहयोग गरिनेछ,

२.११. यस नगरलाई आगामी ५ बर्ष भित्रमा कुपोषण मुक्त गरी पोषणयुक्त नगर बनाउन बहुक्षेत्रीय पोषण योजनालाई उच्च प्राथमीकता दिई कार्यन्वयनमा ल्याइनेछ।

२.१२. स्वच्छ र स्वस्थ जीवनका लागि शारीरिक ब्यायामशाला र जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिने छ ।

२.१३. नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा सार्वजनिक तथा सामुदायिक संस्थानहरुमा सेनिटरी प्याँडको व्यवस्थापनका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ साथै उद्यमसिल महिला सेनिटरी फर्म मार्फत संघीय सरकार संगको समन्वयमा सेनिटरी प्याड उत्पादन गर्ने कार्यलाई यस बर्ष पनि निरन्तरता दिइनेछ ।

## ३) खानेपानी तथा सरसफाई

३.१.संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी नगरवासीहरुलाई स्वच्छ खानेपानीको व्यवस्थापन गरिनेछ ।

३.२. नगरपालिकालाई पूर्ण सरसफाई युक्त बनाउनका लागि सार्वजनिक तथा पर्यटकीय क्षेत्रहरुमा सार्वजनिक सौचालयको व्यवस्थापन गरिनेछ ।

३.३. नगर भित्र रहेका पिछडिएका बस्तीहरुलाई पोष्ट ओ.डि.एफ. कार्यक्रम संचालन गरी जनचेतना जगाउने किसिमका सरसफाई सम्बन्धी कार्यक्रमहरु मार्फत प्रत्येक वडामा सरसफाईका लागि अनुदानको व्यवस्था मिलाई सार्वजनिक शौचालय एवम् स्वस्थ तथा सरसफाईका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

३.४.नगरको फोहोरलाई दीर्घकालीन व्यवस्थापन गर्न स्थायी ल्याण्डफिल साइटको व्यवस्था गरिनेछ । फोहोरलाई सेग्रिगेशन गरी दिगो आयआर्जनको माध्यम बनाउन आवश्यक मापदण्ड, कार्यविधि तयार गरी निजि वा सहकारी क्षेत्रसँगको सहकार्यमा कार्य गरिनेछ । दिशाजन्य फोहोर

व्यवस्थापनका लागि आवश्यक कार्य गरिनेछ । ढल विकासका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

३.५. नगरमा आबश्यक रहेको खानेपानीको आपूर्तिलाई सहज बनाउन गैरागाउं काडामाण्डौ सिलगढी खानेपानी योजना हाल निर्माण प्रकृयामा रहेको र सो योजनालाई सञ्चालन गर्नकालागि आबश्यक सबै कार्य गरिनेछ । पानी नभएका बस्तीमा खानेपानी एवं सरसफाईको लागि अन्य सरोकारवाला निकायहरुसंगको सहकार्यहरुलाई पनि जोड दिइनेछ । बाफी, लडागडा, बजगांउ, लेकठाटा, बागठाटा, गैरागाउं जस्ता बस्तीहरुमा खानेपानीको आपूर्ति सहज पार्न आबस्यक प्रयास गरिनेछ साथै तिखा खानेपानीको योजनालाई निरन्तरता दिइने छ ।

**४) सामाजिक परिचालन :**

४.१. विभिन्न सामाजिक अभियान तथा सामाजिक सदभाव कायम गर्ने कार्यक्रमका साथै बिकृती, कुपर्था (छाउपडी, जातीय छुवाछुत, लैगिंक विभेद, लागु औषधको प्रयोग जस्ता) तथा कुसस्कार न्यूनीकरणका लागि समाजिक अगुवा, धामी, तथा पण्डित पुरोहितलाई सूचना संवाहको रुपमा परिचालन गरी कुप्रर्था तथा कुसस्कारलाई निर्मूल पार्न शुन्य सहनशिलताको नीति लिइ कार्यक्रम संचालनका लागि बजेट, तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।

४.२. नगरपालिकाले गठन गरेका बालक्लब, टोल बिकास संस्था, उपभोक्ता समिति, महिला समुह, कृषि समुह, सामुदायिक बन उपभोक्ता समिति, सहकारी लगायतका संस्थाहरु सहित स्थानीय स्तरमा कार्य गर्ने NGOs र INGOs हरु संगको समन्वय र सहकार्य बढाई समाजिक कुरिति तथा कुप्रथा उन्मुलन गर्न शुन्य सहनशिलताको नीति र "Code of conduct" लाई प्रयोमा ल्याउने कार्य गरिने छ।

**५. लैगिंक समानता तथा सामाजिक सामावेशीकरण :**

५.१. समाजमा भएका असल प्रयासहरुलाई संस्थागत गर्दै लैजानुका साथै समाजमा रहेका विसंगती तथा विकृती (छाउपडी, जातीय छुवाछुत, लैगिंक विभेद, लागु औषधको प्रयोग जस्ता) को अन्त्यका लागि संचेतनाका कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नका लागि बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ । पालिकामा शुन्य सहनशीलताको नीति तथा आचार संहिता "Code of conduct" को पालना गरिनेछ,

५.२. सामाजिक सदभाव कायम राख्नका लागि विभिन्न किसिमका सामाजिक सदभावका कार्यक्रमहरु संचालन गर्ने तथा सामुदायिक मेलमिलाप जस्ता कार्यक्रमहरु प्रभावकरी रुपमा कार्यान्वयन गरिनेछन ।

५.४. नगरपालिकाको अपांग परिचयपत्र बितरण कार्यबिधि २०७५ बमोजिम अपांग भएका ब्यक्तिहरुको अपांगता परिचयपत्र लगायतका सेवा सरल तरिकाले उपलब्ध गराउन घुम्ती

शिविर संचालन गरिने छ । साथै सो क्षेत्रमा कार्यरत संघ संस्थाहरुको परिचालनमा अपांगता परिचयपत्र वितरण पुरा गरिनेछ ।

५.५. विपन्न महिला ,हिंसा प्रभावित एकल महिला , अपांगता भएका महिला , कोरोनाको समयमा रोजगार गुमाई बिदेशबाट फिर्ता भएका महिलालाई उद्यमशिलता तालिम, बजार परक, महिलाको लागि भनी नगरेको  गैर परम्परागत (Non-traditional) सिप बिकास तालिम संचालन गरिने छ ।

५.६. हिंसा प्रभावित महिलाहरुलाई संरक्षण, पुर्नस्थापना, समायोजन तथा जविकोपार्जनका लागी लैंगिक हिंसा राहत कोष स्थापना गरी संचालनमा ल्याइने छ । हिसा पिडित महिलाको तत्काल बसोवासको व्यवस्था मिलाउन संघ र प्रदेश सरकारसंग समन्वय गरी अल्पकालीन महिला सुरक्षा गृह संचालनलाईृ थप व्यवस्थि गरिनेछ साथै  महिला हिसामा परेका चेलीहरुलाई परामर्श तथा पैरवी सेवा प्रदान गर्न परामर्श तथा पैरवी केन्द्र स्थापना गरिने छ ।

५.७. जग्गा नभएका सडक किनारामा रहेका बादी समुदायलाई घरवासकोलागि जग्गा खरीद गरी उनीहरुको घर बनाउनका लागि जनता आवस कार्यक्रम  एबं प्रदेश सरकारसंगको समन्वयलाई निरन्तरता दिइने छ ।

५.८. नगर क्षेत्रमा रहेका बिपन्न एकल महिलाहरुका लागि नगर स्तरीय सीप तथा क्षमता एबं आर्थिक बिकासका कार्यक्रम सञ्चालन गरी उनीहरुको आर्थिक एबं सामाजिकरुपले स्वतन्त्र बाच्ने हकको प्रयोगमा बढावा दिईनेछ ।

५.९. समाजमा रहेका  कुप्रथा  (छाउपडी , बालबिवाह र सामाजिक भेदभाव) लाई निवारण गर्न सबै वडामा सामाजिक अभियानका साथै सामाजिक , आर्थिक , कानुनि सशक्तिकरण कार्यक्रम संचालन गरिने छ,

५.१०. महिला र अपागंता भएका नगरवासीहरुको उद्यमशिलता विकासका लागि व्यवसाय करमा  ५० प्रतिशत छुट प्रदान गरिनेछ ।

५.११. लैङ्गिक समानता तथा सामाजिक समावेशी  (लैससास) नीति स्विकृत गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

नगरपालिकाको योजना तथा सेवा प्रवाहलाई लैगिक तथा समावेशि वनाउनका लागि हरेक वर्ष लैगिंक समानता तथा समाजिक समावेशिकरण परिक्षण  (GESI Audit)  गरिनेछ ।

५.१२. नगर पालिका स्तर ,वडा स्तर तथा समुदाय स्तरमा गठन गरिने विभिन्न समितिहरु, उपसमितिहरु, उपभोक्ता समिति, संजाल,समुहमा महिला ,दलित,अपाङ्गता भएका व्यत्तिहरु, यौनिक अल्पसंख्यक,सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायको समानुाितिक र समावेशि सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गरिने छ ।

५.११. नगरपालिकाका ५० बर्ष उमेर पुगेका अविवाहित महिलाहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिन कार्यलाई निरन्तरता दिईनेछ ।

५.११. नगरपालिकाले निर्माण गरिने पार्कमा बालमैत्री, महिला मैत्री अपाङ्गमैत्री संरचना निमार्ण गरिने छ ।

५.१२. अपांगता भएका ब्यक्तिहरुको नगरस्तरीय लगत अध्याबधिक गरी अपांगको क्षमता तथा आर्थिक सामाजिक स्तर बृद्धिका लागि प्राथमिकता दिइने छ ।

५.१३. एचआइभी संक्रमित ब्यक्तिकोलागि निजहरुलाई आयआर्जन र स्वास्थ्य उपचार सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिइनेछ ।

५.१४. भूमि सम्वन्धि समस्या आयोगको कार्यक्रम अनुरुप कार्यक्रम संचालनका लागि नगरक्षेत्रमा रहेका भूमीहिन सुकुम्वासी र अव्यवस्थित वसोवासमा रहेकाहरुको लगत संकलन गरि जग्गा वितरण तथा ब्यवस्थापन कार्य गरिने छ,

**६. वालवालिका तथा जेष्ठ नागरिक सम्वन्धि नीतिहरु :**

६.१. बालश्रम मुक्त समुदाय, बालमैत्री नगर, बातावरणमैत्री स्वछ नगर, सुरक्षित खानेपानी युक्त समुदाय, पूर्ण खोपको निरन्तरता, बहुक्षेत्रीय पोषण, पूर्ण साक्षर नगर जस्ता अभियानलाई सार्थकता दिन सामाजिक परिचालन गरिनेछ ।

६.२. बालमैत्री स्थानीय शासनलाई प्रभावकारी किसिमले लागू गर्न बालमैत्री सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । नगरलाई बालश्रम निषेधित नगर बनाउन आबस्यक सबै प्रकृया अपनाइनेछ र बालश्रमिक कुनै पनि बहानामा राख्न नपाउने नीतिलाई निरन्तरता दिइने छ ,

६.३.नगरका जेष्ठ नागरीकहरुलाई स्वास्थ्य शिबिर मार्फत स्वास्थ्य उपचार गर्ने र पारिवारीक व्यवहार सुधार सम्बन्धी क्रियाकलाप एवं जेष्ठ नागरिक सम्मान गर्ने क्रियाकलाप एबं नगरमा बृद्धाश्रम ब्यबस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै बिपन्न एकल महिला अति बिपन्न परिबारहरुलाई आयआर्जनका क्रियाकलापमा सहभागि गराईनेछ ।

६.४. नगरपालिकाबाट सञ्चालित नगरबस सेवामा अन्य निजीक्षेत्रका सवारी साधन भन्दा कम भाडामा रहेको बिदितै छ, तथापी नगर बसमा आवत जावत गर्ने जेष्ठ नागरिक, तथा अपांग ब्यक्ति, बिद्यार्थी, जनआन्दोलनका घाइते समेतलाई नियमानुसारको भाडामा ५० प्रतिशत रकम सहुलियत दिइने नीतिलाई निरन्तरता दिइनेछ ।

६.५. नगरका जेष्ठ नागरिकहरुलाई स्वास्थ्य शिबिर मार्फत स्वास्थ्य उपचार गर्ने र पारिवारीक व्यवहार सुधार सम्बन्धी क्रियाकलाप एबं जेष्ठ नागरिक सम्मान गर्ने क्रियाकलापलाई निरन्तरता दिइनेछ साथै बिपन्न एकल महिला अतिबिपन्न परिबारहरुलाई आयआर्जनका क्रियाकलापमा सहभागि गराईनेछ ।

**७) युवा तथा खेलकुद :**

६.१.वेरोजगार युवा तथा वैदेशिक रोजगारवाट फर्केका युवाहरुको क्षमता, तथा व्यक्तित्व विकासका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरि यूवा लक्षित अनुदान कार्यक्रम संचालनमा ल्याइने छ।

६.३. खेलकुद बिकासका लागि खेलकुदसंग सम्बन्धित संघ संस्थाहरु संगको समन्वय र सहकार्यमा पुर्वाधारहरुको विकास तथा स्तरोन्ती गरि  नगर स्तरीय खेलकुद प्रतीयोगिता संचालन गर्ने कामलाई निरन्तरता दिइनेछ ।

६.५. यस नगरबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुदमा प्रतिनिधित्व गर्ने उत्कृष्ट खेलाडीलाई पुरस्कार तथा प्रोत्साहन गरिनेछ ।

६.६. नगरको भबिष्य बोकेका युवायुवतीहरुलाई सृजनशीलता तर्फ उन्मुख गराउन दुर्व्यसन जन्य कुरालाई न्यूनिकरण गर्न नेपाल सरकारका निकायसंगको समन्वय बढाउने र महिला हिंसा न्यूनिकरण गर्न आवस्यक कार्य गरिनेछ र युवाक्लव, संजाल र युवायुवती संसद अभ्यास प्रक्रियालाई सहजीकरण गरिने छ ।

**७) कला संस्कृति प्रवर्द्धन :**

७.१. स्थानीय कला, संस्कृति र साहित्यको जर्गेना गर्ने खालका कार्यकम बनाउन वजेटको व्यवस्था गरिनेछ ।

७.२. यस नगरमा आयोजना हुने बिसुपर्व,  भुवा नाच, रनपुतला, गौरा, देउडा, गाईजात्रा, लाखेनाच, डोलजात्रा,बाघजात्रा, हिलेजात्रा, रोपाइजात्रा, हुड्केली, पञ्चेबाजा तथा शैलेश्वरी, दिल्पेश्वर लगायतका बिभिन्न देवस्थलमा हुने जात्राहरु, मालिका पूजा लगायत धार्मीक, सांस्कृतिक, कला र साहित्यिक कुराको जर्गेना गरिने छ ।

६.३.नगर क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु दिल्पेश्वर मठ कोटभैरब, बासुधारा, गौरी कुण्ड, दुर्गादेबी पाकरी, तीखागढी, शैलेश्वरी क्षेत्र, सरस्वतीस्थान, मष्टामन्दिर, मालीका मन्दिर, राधाकृण मन्दिर लडागडाको सुनादेबी मन्दिरसंरक्षण तथा बिकासमा जोड दिईनेछ ।

**(ग) पूर्वाधार बिकास :**

१. नगरको पूर्बाधार बिकासकालागि आबस्यकता अनुरुप बजेट बिनियोजन गरिनेछ । चालु आ.ब. का अधुरा, क्रमागत योजना, आयोजनाको निरन्तरता र नयां आबस्यक पूर्बाधार निर्माणलाई प्राथमिकता दिइनेछ । पूर्वाधारतर्फ परिणाममुखी ठूला आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

२. पूर्वाधार सम्बन्धी योजनाहरु सुरु गर्नु भन्दा पहिले प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरुलाई नगरपालिकाको तर्फबाट अभिमुखीकरण गरिनेछ ।

३. विकास योजनाहरुलाई स्वच्छ, पारदर्शी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन  बढी लागत अनुमान भएका निर्माण सम्बन्धी योजनाहरु विद्युतीय टेण्डर प्रणाली (e- bidding ) मा आवद्ध गरी प्रतिस्पर्धाको माध्यमबाट गर्ने, प्रचलित ऐन, नियमानुसार तोकिएका संघसंस्थाहरुका लागि

विनियोजित भएका कार्यक्रमहरु सम्बन्धित संघसंस्थाहरुको व्यवस्थापन समितिबाट गर्ने र अनिवार्य लागत सहभागिता हुने तथा प्रचलित कानून बमोजिम व्यवस्थापन नभएका विकास योजनाहरु उपभोक्ता समितिबाट गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**१. सडक तथा यातायात :**

१.१. नगर यातायात गुरुयोजना (**MTMP**) अद्यावधिक गरी सोको आधारमा सडक योजना तयार एवं कार्यान्वयन गरिनेछ ।

१.२. नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नकालागि आवश्यक समपुरक कोष, मर्मत सम्भार कोष सहित पूर्बाधारको स्तर बृद्धिकालागि बजेटको व्यवस्था गरिनेछ र बनिसकेका सडकहरुको स्तरोन्नती गर्दै लगिनेछ ।

१.३. बिषेशगरी शहरी क्षेत्रमा सडक निमार्ण गर्दा दायां बायां पक्की नाली सहितको कालोपत्रले सडक निमार्ण गरिने कार्यलाई प्राथमिकता दिइनेछ साथै ग्रीन रोडको अबधारणा अनुरुप सडकको दायांबायां बृक्षारोपण गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१.४. स्थानीय स्तरमा नयां सडक निर्माण गर्दा स्थानीय जग्गाधनीको सहमति र लगतकट्टी भए पश्चात मात्र रकम बिनियोजन गरिनेछ ।

१.५. नगरयोजना कार्यन्वयन गर्दा योजनाको सम्झौता तथा योजना फरफारक गर्दा pre-project र post project photo को नीति अबलम्बन गरिनेछ ।

१.६. नगर भित्रका दूर दराजमा रहेका वस्तीहरु नगरकेन्द्रसंग जोड्ने सडक निर्माण गर्ने कार्यलाई थप अघि बढाइनेछ।

१.७. . शहरी आवासीय क्षेत्रमा सडक बत्ति र सिसि क्यामेरा जडान गरी उज्यालो दिपायल सिलगढी , सुरक्षित दिपायल सिलगढी अभियानलाई तिब्रता दिइनेछ ।

१.८. नगरभित्रका पुलहरु निर्माण गर्ने कामलाई ब्यवस्थित गर्न विस्तृत योजना प्रतिवेदन तयार गरी सो को आधारमा आवश्यकता अनुसार वर्गिाकरण गरी निर्माण कार्य अगाडी बढाईने छ,

१.९. नगर भित्रका सडकहरुमा बिभिन्न संघ संस्था तथा निकाय एवं नगर बासीबाट आफ्ना व्यक्तिगत तथा संस्थागत कार्य गर्दा पिच एवं पिसिसि सडक/बाटो भत्काएमा त्यसलाई एक हप्ता भित्रमा पिच तथा पिसिसि गर्नेगरी वडाकार्यालयको अनुमती लिएर मात्र कार्य गर्ने प्रक्रियाको कडाइका साथ अबलम्बन गरिने छ । साथै अनुमती बिना कार्य गर्नेलाई क्षतिपूर्ति भर्न लगाइनेछ,

**२. भवन तथा शहरी विकासः**

२.१. नगरपालिका भित्र बन्ने सबैखाले भवनहरुका लागि भवन निर्माण आचार संहिता एवम् भवन मापदण्डको पूर्ण पालना गरिनेछ ।

२.२. नगरपालिका वडा कार्यलय भवन नभएका वडाहरुमा क्रमशः भवन निर्माण गर्ने गरी वडा कार्यलयको निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

२.३. वडा नं. ४ को कुमालीकोट सामुदायिक बनको थला क्षेत्रमा र वडा नं. ६ को चिसापानीमा निमाणाधीन पार्कलाई बालबालिका अपाङ्ग लगायतको पहुंच पुग्ने गरी समावेशी पार्कको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२.४.बिषेशत ठूला पूर्बाधार तर्फ संघ र प्रदेश सरकारबाट प्राप्त हुने बिशेष अनुदानमा सञ्चालित हुने आयोजनाहरु ठुला पूर्बाधारका आयोजनालाई कार्यान्वयन गरी पूर्णता दिनको लागि सम्बन्धित निकायसंग समन्वयलाई निरन्तरता दिई तथा नगरपालिकाबाट अनुगमन सुपरीबेक्षण गरी गुणस्तरीय कार्य गर्न गराउन पहल गरिनेछ ।

२.५.पुर्बाधार बिकासका कार्यक्रम सञ्चालन गर्दा बिपद् जोखिम संबेदनशीलतालाई केन्द्र बिन्दुमा राखि कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्ने ब्यबस्था मिलाइने छ ।

**३ भवन अनुमति तथा मापदण्ड कार्यान्वयन :** :

३.१. नक्सापास नगरी घर बनाउने कार्यलाई निरुत्साहित गरिनेछ । नक्सापास नगर्ने घरधनीलाई नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधा साथै विद्युत पानीको सिफारिस समेत कटौति गरिनेछ ।

३.२. नक्सा पास भएका र नभएका भवनहरुको अध्ययन गरी नक्सा पान नभएका भवनहरुलाई नक्सा पासको दायरामा ल्याइनेछ । 'घ' वर्गमा पर्ने घरहरुलाई पनि न्यून शुल्कमा नक्सापाशको दायरामा ल्याइनेछ ।

३.३.नयाँ बन्ने घर तथा भवनहरुमा बर्षातको पानी संकलन (Rain Water Harvesting) गर्ने कार्य गरी सरसफाईकोलागि प्राथमिकता दिने नीति अबलम्बन गरीने छ, साथै सौर्य उर्जा प्रबिधि जडान गर्नकालागि प्रोत्साहन गरिनेछ ।

३.४. निर्माणको क्रममा रहेको वा अब नयां बन्ने भवनहरुलाई "एकघर बहु बिरुवा" को नीति अबलम्बन गरिनेछ

३.५. नगरपालिकाको क्षेत्रभित्र अब बन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्ग मैत्री बनाउनकालागि प्रोत्साहन गरिनेछ ।

**४. सिंचाईः**

४.१. नगरको सिंचाई गुरुयोजना तयार गरी सोको आधारमा सिंचाइ योजना तयार एवं कार्यान्वयन गरिनेछ ।

४.२. नगरका खेतियोग्य जमिनहरुमा सिंचाई सुविधा पुर्‍याई, जमिनको उत्पादकत्व तथा उत्पादन वृद्धी गर्न पहल गरिने छ ।

**५. ऊर्जा र संचार**

५.१. नगरका मुख्य सडकहरुमा सडकवत्ती जडान गरी उज्यालो नगर कार्यक्रम संचालन गर्न पहल गरिनेछ । ग्रामिण वस्तीमा सौर्यवत्ती एवं वायोग्याँसको प्रयोग र उपयोगमा जोड दिइनेछ ।

५.२.“**सूचना तथा संचार, दिगो विकासको आधार**” नीति लाई प्राथमिकता दिईनेछ । टेलिफोन, इन्टरनेट आदिको पहुँचलाई अभिवृद्धि गरिने छ साथै सूचनाको हक सम्बन्धि कानुनलाई व्यवहारमा कार्यान्वयन गरिने छ । नगरपालिकाबाट हुने भुक्तानीलाई वेवसाइट मार्फत सार्वजनिक गरिनेछ ।

५.३.नगरको डिजिटल नागरिक वडा पत्रलाई झन प्रभावकारी र व्यवस्थित पारिनेछ ।

५.४.दिपायल सिलगढी नगरपालिकाको सामाजिक संजाल नीति निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ

५.५.आमसञ्चारका सबै माध्यमहरुसँग सहकार्य गरेर विभिन्न सचेतनामुलक सामग्री प्रकाशन र प्रसारणमा जोड दिइनेछ ।

**नगरसभा सदस्यज्यूहरु**

(घ) **वन तथा वातावरण :** बिपद् तथा जलबायु उत्थानशिल योजनामा समाबेश भएका बिषय बस्तुहरुलाई आबस्यक सम्बोधन गरी बिपद ब्यबस्थापनका लागि थप आबश्यक कार्य समेत गरिनेछ । उक्त कार्य गर्न निम्न नीति अख्तियार गरिएको छ,

१. **जनताको वन, जनताकै धन** भन्ने नारालाई मध्यनजर गर्दै कृषि वन प्रणाली मार्फत सामुदायिक र पारिवारिक निजी वनलाई दिगो व्यवस्थापन गरेर जीविकोपार्जनका साथै हरित रोजगारीको सृजना गर्ने खालका कार्यक्रमहरु सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ ।

२. सामुदायिक वन उपभोक्ता समुह र पारिवारीक निजी वन मार्फत हरित उद्दम स्थापना गरी स्थानीय जनता र यूवाहरुलाइ उत्पादनसंग जोडेर रोजगारी सृजना गरिनेछ । यसका लागि सामुदायिक वन उपभोक्ता महासंघ नेपाल र पारिवारीक निजी वनसँग संस्थागत सहकार्य गरिनेछ ।

३. वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय कानून परिमार्जन र थप निर्माण गरिनेछ ।

४. नगर क्षेत्र भित्रका मुख्य सडकहरुको दायां बायां हरियाली एवं सौन्दर्य बढाउन बृक्षारोपण एवं संरक्षण गर्दै लगिनेछ ।

५. नगरक्षेत्र भित्रको बजार क्षेत्रमा रहेका घर, पसल, होटल अगाडि जथाभाबि फोहर फाल्नेलाई फोहर ब्यबस्थापनको सुरक्षित फोहरमैला ब्यवस्थापन गरिनेछ ।

६. घरबाट निस्केको जैविक फोहरबाट जैविक मल उत्पादन गर्न र नसड्ने फोहरको व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ

७. वतावरण प्रदुषण नियन्त्रणमको लागि प्रदेश सरकारको सहकार्यमा प्लाष्टिकको झोलाको विकल्पमा अल्लो तथा कपडाको झेला बनाई प्रयोग गर्ने कार्यलार्य प्रबर्द्धन गरिनेछ ।

८. नगरको भौतिक पूर्वाधारमा महत्व राख्ने ठूला आयोजनाको लागि बिस्तृत परियोजना प्रतिबेदन (डिपिआर) तयार पार्न र आबस्यकता अनुरुप बाताबरणीय प्रभाव मूल्यांकन (EIA) एबं प्रारम्भिक बातारणीय परीक्षण (IEE) गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

९. जलवायु परिवर्तनका कारण मूल सुक्ने, जल सतह घट्दै गएको अवस्थाबाट सिर्जित समस्या समाधनको लागि पानी पुर्नभरण पोखरी स्थापना, भएका ताल, पोखरी, कुवा र पानीका मूलको संरक्षण गरिनेछ ।

ङ) **विपद व्यवस्थापन**

१. बिपद व्यवस्थापनका लागि चरणबद्ध योजना निर्माण गरी व्यवस्थापनको कार्यलाई अगाडि बढाईने नीति अवलम्बन गरिने छ ।

२. बिपद पूर्ब तयारी खोज तथा उद्धार,राहत सामग्रीको पूर्ब भण्डारण,बितरण र समन्वयलाई प्रभाबकारी बनाईनेछ ।

३. विपद व्यवस्थापन कोषलाई प्रभावकारी ढँगले अगाडि वढाइनेछ ।

४. प्राकृतिक प्रकोपका हिसावले जोखिममा रहेका स्थानहरुमा वृक्षारोपण कार्यक्रम संचालन गरि वातावरण सन्तुलन कायम राख्दै हरियाली प्रवद्धन गरिने छ ।

५. वाढी तथा पहिरोको जोखिममा रहेका स्थानहरु त्था वस्तिहरुको सुरक्षाका लागि संवेदनशील स्थानहरु, नदी किनारामा तटबन्धन तथा तारजालिको कार्यक्रम संचालन गरिनेछ ।

६. विपद् प्रतिकार्य योजना सबै वडा, विद्यालय, टोल विकास संस्था र नगर स्तरमा तर्जुमा गरी कार्यान्वयन गरिनेछ

७. साथै स्थानीय विपद तथा जलवायु उत्थानशील योजना (LDCRP) तर्जुमा गरि कार्यान्वनमा ल्याउनेछ । यस्ता योजना तयारी तथा कार्यान्वयन गर्न विकास साझेदार सस्थाहरु संग सहकार्य गरिनेछ

**च) कोभिड- १९ बिशेष नीति**

१. कोभिड १९ का कारण गर्भवति महिला, जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति तथा स्वास्थ्य शाखाबाट प्रदान गरिने खोप सेवा सुरक्षित मातत्व तथा पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाकालागि आवश्यक औषधी उपकरण तथा स्वास्थ्य सामाग्रिका लागि आवश्यक वजेटको व्यवस्थापन गरिएको छ ।

२. कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रणमा सफलता हासिल गर्न स्वास्थ्य उपकरण तथा औषधी आपूर्तिको उचित व्यवस्था मिलाईनेछ । क्वारेन्टाईन व्यवस्थापन, स्वास्थ्य परिक्षण तथा थप आईसोलेसन वार्डको स्थापना गरी उपचारको समुचित प्रवन्ध मिलाइनेछ । रोग प्रतिरोधी क्षमता विकास गरिनुका साथै मनोपरामर्शसंग सम्वन्धित कार्यक्रमहरु संचालन

गरिनेछ । उक्त कार्यका लागि संघ, प्रदेश सरकार लगायत अन्य निकायहरु संग समन्वय बढाइने छ ।

३. उच्च रक्तचाप, मधुमेय, दम, मृगौला, कलेजो र महिलाहरुको पाठेघर सम्वन्धी रोगको रोकथाम, पहिचान, परिक्षण र उपचारका कार्यक्रमलाई प्रभावकारी वनाइएनेछ ।

(छ) **सुशासन तथा संस्थागत बिकास** :

१. सार्वजनिक सेवालाई शिघ्र ,पारदर्शी, सेवाग्राहीमैत्री तथा नतिजामूलक बनाई सार्वजनिक सेवामा सबैको समान र सहज पहुंच सुनिश्चित गरिनेछ ।
२. नगरपालिकाका सबै कर्मचारीको कार्यविवरण बनाई लागु गरिनेछ । प्रमृख प्रशासकीय अधिकृत,शाखा प्रमुख र वडा सचिव लगायत सबै कर्मचारीसँग कार्यसम्पादन करार गरिनेछ र यसलाई कार्यसम्पादन मुल्यांकनको आधार बनाइनेछ ।
३. नगरपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास अभिवृद्धि गरी सार्वजनिक सेवाको गुणस्तरमा सुधार गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
४. कार्यालयको अभिलेख व्यवस्थापनमा सुधार र सूचना प्रविधिको प्रयोगमा विस्तार गरी संस्थागत क्षमताको अभिवृद्धि गरिनेछ ।
५. यस दिपायल सिलगढी नगरपालिकाको संस्थागत स्वमुल्याकंन (Local Government Institutional Self-Assessment (LISA) गरि समग्र क्षमता बिकास पहिचान तथा योजना तयारी गरि कार्य गरिनेछ । पालिकाको समग्र योजवनावद्ध विकासको लागि मध्यकालिन खर्च संरचना सहितको आवधिक योजना निर्माण गरि यसैका आधारमा विषगत रणनितिक योजना तथा बार्षिक योजना तयार गर्ने पद्धतिकोको विकास गरिनेछ ।
६. नगर प्रहरीको उचित व्यवस्थापन र क्षमता विस्तार गरी राजश्व संकलन ,विकास निर्माणमा परिचालन गरिने छ ।
७. यस नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी एवम् नगरबासीमा समेत जीवन व्यवस्थापन, काम तथा जीवन बीचको सन्तुलन एवम् सदाचारयुक्त स्वस्थ्य जीवनयापनलाई लक्षित गरी योग एवं ध्यान साधनाका कोर्ष, ब्यायाम र सकारात्मक सोच सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
८. नगरमा सुशासन, पारदर्शिता, जवाफदेहिता अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सामाजिक लेखापरीक्षण, लैङ्गिक लेखाजोखा तथा तेश्रो पक्षको मूल्याङकन लगायतका विधिको अवलम्वन गरिनेछ ।
९. चौमासिक रुपमा नागरिक समाजका सस्थाहरुसंग अन्तरक्रिया गरि सुझावहरु लिईनेछ साथै यस पालिकामा काम गर्ने विकास साझेदारहरु, गैसस तथा नागरिक समाजसंग समेत चौमासिक रुपमा विकास गतिविधिको समिक्षा गर्दै सिकाई आदान प्रदान गर्ने कार्यलाई प्राथमिकताका साथ लागू गरिनेछ ।
९ वटै वडाहरुमा लेखा प्रणालीलाइ पारदर्शी र सुशासन मैत्री वनाइने छ । वडा सचिव र लेखामा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि गरीने छ ।

१०. नगरपालिका कार्यालय परिसर तथा वडा कार्यालयहरुमा आगन्तुक तथा सेवाग्राहीका लागि सूचना तथा ज्ञान आदान प्रदान गर्न रिडिङ कर्नर तथा पर्यटकीय सूचना डेस्क स्थापना गर्ने पहल गरिनेछ,

११. विपन्न तथा सेवामा सर्वसुलभ पहुच नपुगेका समुदायहरुलाई सरल र सहज सेवा लिन सहयोग पुर्याउन हेल्प डेस्क स्थापना गरी संचालन गरिनेछ ।

१२. दिपायल सिलगढी नगरपालिका विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तित्वहरुको सम्मान गर्न आवश्यक कार्यविधि बनाइनेछ

१३. नगरपालिकाको काम कारबाहीलाई व्यवस्थित बनाउन डिजीटल सूचना प्रणाली र डिजिटल हाजीर प्रणाली (**Digital Information System** तथा **Digital Attendance System** )लाई निरन्तरता दिइनेछ । साथै नगरपालिकाको वेब साइटमा आबस्यक पर्ने सबै सूचनाहरु अद्यावधिक गरिनेछ ।

१४. सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनासंगको समन्वय र सहकार्यमा हाल कार्यरत एम.आई. एस. अपरेटर तथा फिल्ड सहायकका लागि आवस्यक वजेट विनियोजन गरिनेछ,

१५. सार्वजनिक सेवा प्रवाह र अभिलेख ब्यवस्थापनको कार्यलाइ चुस्तदुरुस्त गर्ने गराउने कार्यका लागि सार्वजनिक खरिद ऐनको अधिनमा रही नगरपालिका सार्वजनिक खरिद नियमावली तयारी गरिने छ

१६. यस नगरको स्वामित्वमा रहेका भवन, जग्गा, उद्यान बसपार्क आदि संरचना एवम् सम्पत्तिको यर्थात अभिलेख तयार गरी सम्पति व्यवस्थापनको कार्यलाइ प्रभावकारी बनाइने छ ।

१७. आर्थिक बर्षको सुरु दुइ महिना भित्र नगरपालिकाका लागि बर्षभरका लागि आवश्यक फर्निचर ,मेशीनरी औजार र अन्य कार्यालय सामाग्रीहरुको आवश्यकता पहिचान गरी चौमासिक र बार्षिक खरिद योजना तयार गरी सोहि अनुसार खरिद प्रक्रियाको कार्यलाइ अगाडि बढाइने र खरिद कार्य दरभाउ पत्र र वोलपत्र मार्फत गरीने नीति अवलम्बन गरीने छ

१८. भ्रटाचार बिरुद्ध शून्य सहनशिलताको नीतिलाई अख्तियार गरिनेछ ।

१९. तोकिएको समय भित्र निर्माण कार्य सम्पन्न नगर्ने, नगरपालिकाको निर्देशनलाई अटेर गरी बिकास कार्यमा प्रतिकूल प्रभाव पार्ने निर्माण ब्यबसायीलाई नियमानुसार कारबाही गरिनेछ ।

**ज). वित्तीय अनुशासन**

१. बेरुजु न्यूनीकरणका लागि लेखा व्यवस्थापन, वित्तीय अनुशासन र कानूनको परिपालनामा जोड दिनुका साथै कायम भएका बेरुजु फछ्र्यौटका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२. आन्तरिक लेखा नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण कार्यलाई प्रभावकारी बनाईनेछ ।
३. आर्थिक अनुशासनलाई सुदृढ बनाई सुशासनको आयामलाई प्रभावकारी बनाउन वडा कार्यालयहरुबाट गरिनु पर्ने मासिक प्रतिवेदनको कार्यलाई भुक्तानी आदेशबाट गरिने निकाशा प्रकृयासंग आवद्ध गरी अनिवार्य गरिनेछ साथै योजना हस्तान्तरणको विवरण प्राप्त नभै योजनाको भुक्तानी नगरिने नीति अवलम्बन गरिने छ ।
४. नगद भुक्तानी शुन्य गर्नका लागि बैङ्क तथा अनलाईन प्रणालीबाट कारोबार गरीनेछ ।

**झ) आन्तरिक राजश्व परिचालन**

१. नगरक्षेत्र भित्र रहेका सम्पूर्ण व्यावसायीहरुलाई नगरपालिकामा दर्ता, नवीकरण गरी करको दायरा विस्तारका माध्यमवाट आन्तरिक राजस्व अभिवृद्धि गर्ने नीति अवलम्वन गरिनेछ । व्यावसायीहरुलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता सम्बन्धी घुम्ती शिविर संचालनमा ल्याइनेछ ।
२. ढुङ्गा, बालुवा, गिट्टी र प्राकृतिक स्रोत कानुन बमोजिम संकलन गर्ने यान्त्रीक साधनहरुको अनुगमन गर्ने कार्यलाई ब्यवस्थित तथा प्रभावकारी वनाइनेछ ,
३.राजश्व परामर्श समितिबाट अपेक्षा अनुरुप राजश्व असुली भए नभएको चौमासिक रुपमा समीक्षा गरी आवश्यक निर्णय गरिनेछ ।
४. राजश्व प्रशासनलाई सुदृढ बनाउन शाखामा विद्युतीय उपकरण, सफ्टवेयर जडान तथा जनशक्तिको क्षमता विकास र वडाबाट संकलन हुने राजश्वलाई अनलाईन प्रणालीमा आवद्ध गराइनेछ ।
५. नगरपालिकाको राजस्व प्रसासन सुधारको लागि राजस्व सुधार योजना तर्जुमा गरि कार्यन्वयनमा ल्याइने छ ।आर्थिक ऐन संसोधन गरिनेछ र कर तथा गैरकर राजस्व ऐन कार्यान्वयनमा ल्याइनेछ ।
६. मेरो विकासका लागि कर भन्ने अभियानका लागि करदातालाई कर तिर्ने भावना विकास गर्न करदाता शिक्षा प्रदान गरिनेछ ।

**ञ) कानूनी मामिला र न्याय सम्पादन**

१.न्याय सम्पादनलाई वैज्ञानिक र प्रभावकारी वनाई सवै समुदायको पहुच वढाई समुदायमा शान्तिपुर्ण वातावरण सृजना गर्न न्यायिक समितीको क्षमता अभिवृद्धि गरिने छ,
२.अद्यावधिक मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धि गरी स्थानिय मुद्दाहरुलाई छलफल, आपसी समझदारी, वार्ता आदि तवरले मेलमिलापको विधिबाट विवाद निरुपण गरिनेछ । मेलमिलापको कामलाई नगर स्तरीय मेलमिलाप समिति र वडा स्तरीय मेलमिलाप केन्द्र मार्फत छिटो छरितो र प्रभावकारी बनाइनेछ ।
३. महिला बालबालिका तथा सामाजिक विकास शाखासँग समन्वय गरी **उप-मेयर लैंगिक हिंसा सुरक्षा कार्यकम संचालन गरिनेछ ।**
४. न्यायिक समितिमा विवाद दर्ता गराएका हिंसापिडितलाई मानसिक स्वास्थ्य समस्या घटाउन मनो समाजिक परामर्श प्रदान गरिने छ ।

५. क्षमता अभिवृद्धि तालिम सञ्चालन गरि न्यायिक समितिको कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउँदै लगिनेछ ।
६. न्यायमा स्थानीय नागरिकका पहुँच स्थापित गरी जनचेतना अभिवृद्धि गर्न न्यायिक समिति अन्तर्गत कानूनी पुस्तक अध्ययन केन्द्र स्थापना गरिनेछ ।

**(ट) बिबिध :**

- यस नगरपालिकाको दूरदृष्टि बमोजिम बृहत्तर विकासका विभिन्न पक्षमा सहयोग तथा सहकार्य गर्न दातृ निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.हरुलाई आह्वान गरिनेछ । यसका लागि पिएलजिएसपी, अमेरिकी सहयोग नियोग (USAID) साझेदारी संघियता सहयोग कार्यक्रम, युनिसेफ, आरभिडब्लुआरएमपी, नगर बिकास कोष, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, बहुक्षेत्रीय पोषण योजना लगायतका कार्यक्रम एबं अन्य संघ संस्था एवं अन्य सरोकारवालाहरुसंग समन्वय बढाइनेछ । कार्यक्रम संचालन गर्दा दोहोरापना नहुने गरी लगानी गर्न समन्वय र सहकार्य गरिने छ ।
- अन्तर पालिका विचको समन्वय,सम्पर्क तथा सहकार्यलाई उच्च प्राथमिकतामा राखि कार्य गरिने छ।

## २.३ मूख्य मूख्य आयोजना र क्रियाकलापहरु :

यस नगरपालिकामा मुख्य बिकास निर्माणका आयोजनाहरु मध्ये प्रदेश सरकारको योजना अर्न्तगत निर्माणाधीन रहेका सिलगढी कलेना सडक, सिलगढी बगलेक सडक दिपायल खुल्लेख सडक, सिलगढी, कन्जेडी, लडागडा नारिदाङ सडक प.प.मु.मा.वि.१ वटा भवन तथा नगरपालिकाको स्रोतबाट कलेना स्वास्थ्य चौकि, दिपायल वर्थिङ सेन्टर, चोकी रातुली पाकरी सडक, धामिगाउ सडक, तिखा खानेपानी आयोजना, सिरखोली खानेपानी, बगलेक सिलगढी खानेपानी आयोजना, दुधेश्वर कोटभैरव झु.पु.,द्ववारी खोलामा ट्रस ब्रिज सिलगढी स्थित टुंडीखेल मैदानको स्तरोन्नति, सिलगढी धामिगाउ पुन्ना पर्यटकीय पैदनमार्ग र शैलेश्वरी परिसरमा गत आ.ब. मा निर्माण भएको नेपाल आमाको मुर्ति स्थलमा घरेवार सहितको विश्राम स्थान निर्माण, थला पार्क, सर्पदंश उपचार केन्द्र , सिलगडी बजार सडक, ईजिनियरिङ्ग कलेज स्थापनाका लागि जग्गा खरिद, प्रमुख भौतिक पूर्बाधारका योजना रहेका छन भने कार्यक्रमहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम, युनिसेफको सहयोगमा सञ्चालित बाल संरक्षण कार्यक्रम, बहुक्षत्रिय पोषण योजना कार्यक्रम, खोपानी सरसफाई एबं स्वच्छता कार्यक्रम, अमेरिकी सहयोग नियोग USAID साझेदारी संघियता सहयोग, गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम र सामुलायिक वन उपभोक्ता महासंघसंगको सहकार्यमा सामुदायिक वन अधिकार कार्यक्रम रहेका छन् ।

आदरणीय सभाध्यक्षज्यू, अब म यस नगरपालिकाको आगामी आ.व.को अनुमानित आय व्यय र स्रोत व्यवस्थापन विषयमा जानकारी दिन चाहान्छु ।

<u>उपसंहारः</u>

आदरणीय उपस्थि  नवौं नगर सभा उद्घाटन शत्रका अध्यक्ष ज्यू,
वडा अध्यक्षज्यू लगायत नगरसभाका सबै सदस्यज्यूहरु उपस्थित
सम्पूर्ण महानुभावज्यूहरु ।

नगर सभासद्ज्यूहरु,
आगामी आर्थिक वर्षको मूल कार्यभार भनेको जनताको जीवन जोगाउँने, आर्थिक विकास, समृद्धि र समावेशी विकासका लागि केन्द्रीत भएर कार्य गर्ने नै हो । करका दरलाई होइन दायरालाई बढाउने र सबैलाई करको दायरा भित्र समावेश गर्ने रहेको छ । आत्मनिर्भर नगरको रुपमा विकास गर्नका लागि आन्तरिक राजश्व वृद्धिमा जोड दिइनेछ ।

अन्तमा यस नगरको विकासमा साझेदारी र सहयोग गर्ने संघ तथा प्रदेश सरकार,विकास साझेदार संस्थाहरु, नागरिक समाज, राजनीतिक दल, निजी क्षेत्र, गैर सरकारी संस्था, पत्रकार तथा आमसञ्चार क्षेत्र, नेपाल नगरपालिका संघ र अन्य संघ/महासंघ लगायत सम्पूर्ण कर्मचारी तथा नगरवासी दाजुभाई, दिदी वहिनीहरुमा धन्यवाद व्यक्त गर्दछु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमा महत्वपूर्ण सहयोग पुऱ्याउने सबै जनप्रतिनिधि, कर्मचारी, विज्ञ, राजनीतिक दल, संघसंस्था सबैमा ह्दयदेखि धन्यवाद व्यक्त गर्दै यसको कार्यान्वयनमा सबै पक्षको साथ सहयोग प्राप्त हुनेमा विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

शिबराज खड्का

नगर उपप्रमुख

दिपायल सिलगढी नगरपालिका

डोटी